

निःशुल्क ज्योती जागरण दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
Jyotidainik.com

सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण
## Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: ५ | अंक : ४२ | वि.सं. २०८२ भाद्र १२ बिहिबार | 28 2025 Tuesday, AUG | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ







**पोखरिया नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**पोखरिया, पर्सा**

**मधेश, प्रदेश नेपाल**

करार सेवा लिने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/१२ गते)

यस पोखरिया नगरपालिका अन्तर्गत नगर विकास आयोजनाको लागि तपसिलको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समय भित्र तोकीएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन् सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा र समुह | तह | माग संख्या | परीक्षाको किसिम | आवेदन दस्तुर रु. | न्यून्तम शैक्षिक योग्यता | उमेरको हद |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८२-०८३ | इन्जिनियर | छैठौं | १ (एक) | लिखित र अन्तर्वाता | १२००/- | १) मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरह उतिर्ण (२) कम्तिमा ३ वर्षको सम्वन्धित क्षेत्रमा र जग्गा एकिकरण आयोजना क्षेत्रमा | १८ वर्ष पुरा भई४० वर्ष ननाघेको |

विज्ञापनको लागि

१ प्रचलित कानुन बमोजिम अयोग्य नभएको।

२ आवेदन बुझाउने अन्तिम मिति: सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अन्तिम दिन सार्वजनिक विदा भए सो कोभोलिपल्ट)

३ सम्पर्क मिति: २०८२/०५/२७ गते ।

४ परीक्षा मिति: पछी सुचना प्रकाशित गरिनेछ ।

५ रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

६ आबेदन फारम पोखरिया नगरपालिकाबाट रसिद बुझाएपछी उपलब्ध हुनेछ।

७सेवा सुविधा स्थनीय सरकारले तोके बमोजिम हुनेछ।

**आबेदन साथ बुझाउन पर्ने कागजातहरु :**

क. रितपूर्वक भरिएको आवेदन फारम

ख. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ग.शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि

घ. अनुभव सम्बन्धित प्रमाणित प्रतिलिपि

ङ. परीक्षा दस्तुर तिरेको रसिद

प्रमुख प्रशासकिय अधिकृत

# रुबी हत्या-जलेका प्रेमी लक्ष्मण पासवानको मृत्यु




चन्द्रपुर । रौतहटको माधवनारायण नगरपालिका-६ की रुबीकुमारी साहको हत्यामा संलग्न रहेको आरोप लागेका प्रेमी लक्ष्मण पासवानको मृत्यु भएको छ।पासवानको उपचारको क्रममा कीर्तिपुर बर्न अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिनुभयो । पासवान आफैंले बुधबार बिहान आगो लगाएपछि स्थानीयले उद्धार गरेका थिए ।पासवानले आगो लगाएको कुरा स्थानीयले प्रहरीलाई खबर गरेपछि प्रहरी चौकी माधोपुरको टोलीले माधोपुरदेखि पश्चिम शिवनगर जाने बाटोमा राजदेवी मन्दिर नजिकबाट उद्धार गरी उपचारका लागि गरुडास्थित बेटर नेपाल अस्पताल पुऱ्याएको थियो ।गरुडामा उपचार सम्भव नदेखिएपछि पासवानलाई थप उपचारका लागि बर्न अस्पताल कीर्तिपुर रिफर गरिएको थियो । पक्राउ परेका पासवानले गरुडास्थित अस्पतालमा उपचारमा संलग्न डाक्टरलाई बताए अनुसार झगडा परेपछि रुबिको हत्या गरेको बताएका थिए ।जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीका अनुसार रुबी साहको हत्यारा लक्ष्मण पासवान नै रहेको अहिलेसम्मको अनुसन्धानले देखाएको बताउनु भएको छ । प्रवक्ता कार्कीका अनुसार मलेसियाबाट पासवानले ल्याएको सुटकेश र डोरी हत्यामा प्रयोग गरि एको छ ।

# ओलीको अत्याचारले सीमा नाघ्यो : माधव नेपाल




कलैया । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्व र कार्यशैलीको कडा आलोचना गरेका छन्।बाराको कलैयामा आयोजित एक कार्यक्रममा बोल्दै नेपालले ओलीको 'अत्याचारले सीमा नाघेको' र त्यसको सबैभन्दा ठूलो भुक्तभोगी आफूहरू भएको बताएका छन्।रौतहटमा हुने जिल्लास्तरीय प्रशिक्षणमा सहभागी हुन काठमाडौंबाट सिमरा हुँदै गौर जाने क्रममा नेपालले बारा पार्टी कार्यालयमा छोटो सम्बोधन गरेका थिए। उनले वर्तमान राजनीतिक अवस्था अस्थिर र हेको र ओलीको नेतृत्वमा रहेको सर कार कुनै पनि बेला ढल्न सक्ने बताए। 'राष्ट्रिय राजनीतिमा कहिले के हुने हो ठेगान छैन। कहिले यो केपी ओली नेतृत्वको सरकार ढल्छ भन्न सकिँदैन,' उनले भने।नेपालले ओलीमाथि जनवादी केन्द्रीयता, बहुमतको निर्णय र कमिटी प्रणालीको बेवास्ता गरेको आरोप लगाए। उनले ओलीको शैलीलाई 'एकाधिकार वादी' र 'हुकुमी' भन्दै यस्तो व्यक्तिबाट अलग्गिने निर्णय सही भएको जिकिर गरे। उनले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरणको प्रसंग पनि उठाए। उनले ओलीले पहिला भण्डारीलाई ्आउनुस् आउनुस् भनेर बोलाएको र पछि प्रतिस्पर्धी बन्ने सम्भावना देखेपछि सदस्यता नै खारेज गरिदिएको दाबी गरे।अध्यक्ष नेपालले ओलीका बोलीको कुनै भर नभएको र उनीसँग सम्बन्ध विच्छेद गरेर आफूहरूले सही कदम चालेको बताए। उनले आफ्नो पार्टीले संविधानको रक्षा गरेको दाबी गर्दै नेता तथा कार्यकर्ताहरूलाई पार्टीको अधिवेशन तयारीमा जुट्न निर्देशन दिएका छन्। कार्यक्रममा पार्टीका स्थानीय तथा केन्द्रीय नेताहरूको उपस्थिति थियो ।

ज्योती जागरण

दैनिकको लागि

प्रकाशक

जे.एम.

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : कृष्णा प्र. कुशवाहा

सम्वाददाता- प्रभात मिश्रा, राज कुमारी गुप्ता, कन्हैया पटेल

विशेष प्रतिनिधी : मुस्तुफा आलम, विनय कुशवाहा

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता, अमित कुमार

कार्यालय : वीरगञ्ज-१३ राधेमाई, सर्म्पक नं. ९८४१८९७६९८

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : के एस मल्टिप्रपोज प्रा. ली.

सम्पादकीय



## वीरगन्जमा हैजाको बढ्दो चुनौती

वीरगन्जमा पछिल्ला दिनहरूमा हैजा (कोलेरा) का बिरामीहरू तीव्र गतिमा बढिरहेको तथ्य अत्यन्त चिन्ताजनक बनेको छ। स्वास्थ्य क्षेत्रमा समयमै ध्यान नदिँदा यो रोग नियन्त्रणभन्दा बाहिर जाने डर बढेको छ। हैजा सरुवा रोग भएकाले यसले छिट्टै समुदायभरि फैलिन सक्छ र त्यसको मारमा गरीब तथा दैनिक आम जनजीवन चलाउने वर्ग बढी पर्न सक्ने खतरा हुन्छ।

यो रोग फैलिनुको प्रमुख कारण दुषित खानेपानी, फोहर व्यवस्थापनमा कमजोरी र सरसफाइप्रति बेवास्ता नै हो। वीरगन्ज जस्तो ठुलो व्यापारिक सहरमा अझै पनि नियमितरूपमा खानेपानीमा क्लोरिन प्रयोग नहुनु, नालाहरू जथाभावी खुला रहनु र ढल व्यवस्थापनमा देखिएको लापरवाही आजको संकटको जड हो। स्थानीय तह, खानेपानी आपुर्ति कार्यालय तथा सरोकारवाला निकायहरूबीच आवश्यक समन्वयको अभावले समस्या झन् गम्भीर बन्दै गएको छ। संकटको यस घडीमा तुरुन्तै आपतकालीन स्वास्थ्य योजना लागु गर्न जरुरी छ। संक्रमित क्षेत्रको तत्काल पहिचान गरी सरसफाइ अभियान सञ्चालन गर्नँपर्छ, अस्पतालहरूमा हैजा उपचारका लागि विशेष वार्डहरू तयार हुनुपर्छ, आवश्यक औषधि तथा ओआरएस पर्याप्त मात्रामा उपलब्ध गराउनुपर्छ। साथै जनचेतना कार्यक्रममार्फत “उमालेको पानी मात्र पिउनुहोस“ भन्ने सन्देश हरेक टोलटोलमा पुऱ्याउन जरुरी छ ।

यसैगरी, दीर्घकालीन समाधानका लागि वीरगन्जको खानेपानी प्रणाली सुधार्न, ढल व्यवस्थापन व्यवस्थित बनाउन र शहरी विकास योजनामा स्वास्थ्य र सरसफाइलाई पहिलो प्राथमिकता दिनैपर्छ। हैजाजस्ता महामारीले हामीलाई पटक-पटक चेतावनी दिइरहेका छन् कि स्वास्थ्यमा लापरवाही महँगो पर्न सक्छ। अब ढिलाइ गर्ने समय छैन। स्थानीय सरकारदेखि संघीय तहसम्म सबैले मिलेर हैजा नियन्त्रणलाई पहिलो एजेन्डा बनाउनुपर्छ। जनस्वास्थ्य नै पहिलो सम्पत्ति हो भन्ने बोध नगरिँदैमा सहरले प्रगति गर्न सक्दैन।

# सरकारको मुख नताकी सशस्त्र प्रहरीले समातेको लय

**शिवजी श्रेष्ठ**

आफ्नो ज्यान उच्च जोखिममा राखेर खोजी तथा उद्धारमा खटिने सशस्त्र प्रहरी बल (एपिएफ) गोताखोरको बीमा रकम र भत्ता बढाउन एपिएफ नेतृत्वले माग गर्दै आएको थियो।संगठन प्रमुखले सरकारसँग माग राखे पनि बीमा रकम बढेको छैन। नदीमा हेलिएका बेला गोताखोरको ज्यान गयो भने तिनका परिवारजनले १२ लाख रूपैयाँ पाउने व्यवस्था छ।गोताखोरका लागि सरकारले १० लाख रूपैयाँको जीवन-बीमा गर्छ। बीमा कम्पनीले त्यसमा दुई लाख रूपैयाँ थपेर भुक्तानी दिन्छ।

परिवारजनका लागि १२ लाख रूपैयाँ निकै सानो रकम हो। यस कारण एपिएफले बीमा र भत्ता बढाउन माग गरिरह्यो तर सरकारले बढाउने निर्णय गरेन।अन्ततः एपिएफले संगठनकै तर्फबाट गोताखोरका लागि २५ लाख रूपैयाँको अलग्गै जीवन-बीमा गरिदिएको छ। चालु आर्थिक वर्षदेखि नै लागू हुने गरी एपिएफ महानिरीक्षक राजु अर्यालले यस्तो निर्णय गरेका हुन्।बीमाको शुल्क एपिएफ कल्याणकारी कोषबाट तिरिन्छ।संगठनले गोताखोरसँगै उच्च जोखिममा रहेर खोज तथा उद्धार कार्यमा खटिनेहरूको पनि थप २५ लाख रूपैयाँको जीवन-बीमा गराएको छ। यस्तो बीमा सुविधा पाउनेमा अग्नि-नियन्त्रक र उच्च हिमाली क्षेत्रमा खोज तथा उद्धारमा खटिने एपिएफ कर्मचारी परेका छन्।यस अन्तर्गत हाल पाँच सय जनाको जीवन-बीमा गरिएको छ। यसमा गोताखोर १३६ जना छन्।यसरी एपिएफमा सरकारको मात्रै मुख नताकेर संगठन प्रमुखबाट एउटा उदाहरणीय काम भएको छ।एपिएफ संगठन रजत महोत्सव मनाउने समयमा आइपुगेको छ।

तत्कालीन राजनीतिक परिस्थितिले जन्माएको एपिएफको भूमिका र आवश्यकता बदलिएको छ। अहिले प्राकृतिक विपत्ति पर्दा खोज तथा उद्धारमा र सीमा सुरक्षामा खटिने गरेको छ।देशको खुला सिमानामा हुने आपराधिक गतिवधिले गर्दा सीमा सुरक्षा चुनौतीपूर्ण भएको छ।

केही महिनाअघि एपिएफले 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' ल्याएको छ।यस अन्तर्गत सीमावर्ती बासिन्दाको आवश्यकता अनुसार निर्माण ( धारा, कुवा र शौचालय) कार्य, सीपमूलक तालिम, सहायता कक्ष, पर्यटक सहायता कक्ष, स्वास्थ्य शिविर, शैक्षिक तथा सरसफाइ सामग्री वितरण, छात्रवृत्ति, भाषा प्रशिक्षण, वृक्षरोपण, सौन्दर्यीकरण, जनचेतना अभिवृद्धि, अन्तर्क्रियाजस्ता कार्यक्रम छन्। एपिएफले 'सीमा पैदल गस्ती परिचालन सम्बन्धी अवधारणापत्र, २०८०' तयार गरी त्यसै अनुसार चौबीसै घन्टा देशको सीमा क्षेत्रमा गस्ती परिचालन गरेको छ।

अब प्रत्येक प्रदेशमा एपिएफ प्रहरी निरीक्षकको कमान्डमा एक प्लाटुन चौबीसै घन्टा सीमा-गस्तीमा तैनाथ रहनेछ। अन्तर्राष्ट्रिय सीमा इलाकामा एक प्लाटुन एपिएफ परिचालन गरी सीमा सुरक्षा प्रभावकारी बनाउने उद्देश्य छ।सीमावर्ती जिल्लामा सीमा-स्तम्भ र दसगजा क्षेत्रको सुरक्षा, सीमा क्षेत्रबाट हुने अपराध नियन्त्रण, सीमा अतिक्रमणको अनुगमन र रोकथाम, सीमा क्षेत्रमा हुने राजस्व चुहावट तथा गैरकानुनी गतिविधि नियन्त्रण कार्य थप प्रभावकारी बनाउने उद्देश्यले सीमा-गस्तीको व्यवस्था मिलाएको जनाइएको छ।

एपिएफले नेपाल-भारत सीमा क्षेत्रमा हराएका १५ वटा सीमा-स्तम्भ पुनर्स्थापना र १७ वटा जिल्लामा कुल दुई हजार १३५ सीमा-स्तम्भ मर्मतसम्भार गरेको छ। यी सबै जिल्ला तराई क्षेत्रका हुन्।नेपाल सरकारले सीमा-स्तम्भ मर्मतसम्भारको जिम्मेवारी दिएपछि एपिएफले नापी विभागको सहयोगमा काम गरिरहेको छ। हालै एपिएफले पुनर्स्थापन गरेका १५ वटा सीमा-स्तम्भ हराइसकेका थिए। यसमा सबैभन्दा धेरै पर्साका चार वटा थिए।पहिले सीमा-स्तम्भ रहेकै ठाउँमा नयाँ स्तम्भ पुनर्स्थापन गरिएको हो।एपिएफले ११० वटा सीमानाकामा ३८७ वटा सिसी टिभी क्यामरा जडान गरेर निगरानी गरेको छ। भारतीय पक्ष (विशेष गरी भारतीय सीमा सुरक्षा बल, एसएसबी) ले सीमा मिच्ने वा सीमा-स्तम्भ तलमाथि गर्ने गरेको देखिन्थ्यो।नेपाल-भारत बाउन्ड्री वर्किङ ग्रुप (बिडब्ल्युजी) को पाँचौं बैठकले सन् २०१४ पछि मर्मत तथा निर्माण भएकामध्ये जोर नम्बरका सीमा-स्तम्भ एसएसबीले एपिएफको उपस्थितिमा र बिजोर नम्बरका सीमा-स्तम्भ एपिएफले एसएसबीको उपस्थितिमा मर्मतसम्भार गर्ने निर्णय गरेको छ।दुई देशका सुरक्षा बलबीचको यस्तो समझदारीले सीमा सुरक्षाका साथ अन्य आपराधिक गतिविधि नियन्त्रणमा समेत सहकार्य र सघाउ हुने देखिएको छ।सरकार-माओवादी सशस्त्र द्वन्द्वको समयमा नेपाली सेना परिचालन गर्न समस्या भएपछि नेपाल प्रहरी र नेपाली सेनाबीच अर्धसैनिक निकायका रूपमा २०५७ साल माघमा सशस्त्र प्रहरी बल (एपिएफ) स्थापना भएको थियो।द्वन्द्व समाधानका क्रममा विद्रोही माओवादी राजनीतिको मूलधारमा आएपछि एपिएफको भूमिका के हुने भन्ने बहस चलेको थियो। बदलिँदो परिस्थितिमा सशस्त्र प्रहरीको आवश्यकता र औचित्यमाथि नै प्रश्न उठ्न थालेको थियो। समयान्तरमा त्यस्ता बहस र प्रश्नमा संगठनको औचित्य साबित गर्दै एपिएफको काम नै जबाफ भइदियो।

धेरै ठाउँमा नेपाल-भारत सीमा-स्तम्भ हराएको र भारतले सीमा मिचेको कुरा उठ्ने गरेको सन्दर्भमा सीमा क्षेत्रमा एपिएफको बलियो उपस्थिति भएको छ।

एपिएफले भारत र चीनसँग सीमा जोडिएका क्षेत्रका बासिन्दालाई भर्नामा तीन प्रतिशत आरक्षण दिन सशस्त्र प्रहरी ऐनको विधेयकमा प्रस्ताव गरेको छ।एपिएफले सीमा सुरक्षाका लागि २५४ वटा 'बोर्डर आउट पोस्ट (बिओपी)' स्थापना गरेको छ। नेपाल-भारत सिमानामा २४४ वटा र नेपाल-चीन सीमामा १० वटा बिओपी छन्।यसरी देशमा सीमा सुरक्षा गर्ने एपिएफलाई स्रोत भने अभाव छ। कतिपय बिओपी अत्यन्त सीमित साधनस्रोतमा चलेका छन्। कतै टेन्टमा, कतै छाप्रोमा त कतै भाडाको घरमा छन्। आफ्नो भवन बनेका बिओपी १८ वटा मात्र छन्।

नेपाल-भारत खुला सीमाको सुरक्षा र व्यवस्थापन निकै चुनौतीपूर्ण छ। नियमित रूपमा हुनुपर्ने दुवै देशका सचिव स्तरीय र मन्त्री स्तरीय संयन्त्रको बैठक कोभिड-१९ संक्रमणपछि हुन सकेको छैन।दुवै देशका नापी विभागका महानिर्देशक स्तरको 'बाउन्ड्री वर्किङ ग्रुप' र सीमा नापजाँच सम्बन्धी विषय आदानप्रदान गर्ने 'सर्भे अफिसियल' कमिटी लामो समयदेखि निष्क्रिय छन्।एपिएफ प्रमुख र एसएसबी प्रमुखबीच भने हरेक वर्ष 'नेपाल-भारत सीमा सुरक्षा समन्वय बैठक' हुन्छ। यो बैठक केही महिनाअघि नेपालमा भएको थियो।यसबाट एपिएफमा सीमा सुरक्षा सम्बन्धी संवेदनशीलता झल्किन्छ।एपिएफसँग प्रत्यक्ष जोडिएको अर्को विषय प्राकृतिक विपत्तिमा खोज र उद्धार कार्य हो। एपिएफसहित अन्य सुरक्षा निकायलाई सुसज्जित अवस्थामा राख्नु आजको आवश्यकता हो। नेपालको अधिकांश भूभाग कुनै न कुनै प्रकारको प्राकृतिक विपत्तिको जोखिममा छ।

राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार देशका कुल ६ हजार ६४३ वडामध्ये ६३ प्रतिशत वडा बाढीको जोखिममा छन्। पहिरोको जोखिममा करिब ६० प्रतिशत, आँधी-हुरी-बतासको जोखिममा ५२ प्रतिशत, वन डढेलोको जोखिममा करिब ३७ वडा छन्।

यसैगरी, आगलागीको जोखिममा ३६ प्रतिशत, असिनाको जोखिममा ३५ प्रतिशत, डुबानको जोखिममा २९ प्रतिशत र भूक्षयको जोखिममा २४ प्रतिशत वडा छन्।शीतलहरको जोखिममा २२ प्रतिशत र सुख्खा पहिरोको जोखिममा ३६ प्रतिशत वडा छन्। असिना, चट्याङ, अतिवृष्टि, खण्डवृष्टि, हिमपहिरो, हिमपात र लुको जोखिम पनि छ।

यसबाट नेपालको अधिकांश भूभाग वर्षभरि नै कुनै न कुनै प्रकारको विपत्तिमा पर्ने गरेको प्रस्ट हुन्छ। यसले उद्धारको काम र यसको पूर्वतयारी कति जरूरी छ भन्ने पनि प्रस्ट पार्छ।

जुनसुकै किसिमको प्राकृतिक विपत्ति वा सामाजिक समस्यामा सबैभन्दा पहिला प्रहरी नै अघि सर्नुपर्छ।

घटना भएको ठाउँमा तत्कालै उद्धारकर्मी प्रहरी उपलब्ध नहुन सक्छ, भए पनि तालिमप्राप्त जनशक्ति र अत्यावश्यक साधन नहुन सक्छ। यही यथार्थ ध्यानमा राखेर एपिएफले स्थानीय तहसँग सहकार्य गरेर 'विपद व्यवस्थापन स्वयंसेवक तालिम' चलाउन थालेको छ।

हालसम्म एपिएफले ३७ वटा स्थानीय तहमा तालिम चलाएर करिब दुई हजार जना विपद व्यवस्थापन स्वयंसेवक तयार गरेको छ। स्थानीय व्यक्तिहरूलाई नै विपद व्यवस्थापनमा लगाउने उद्देश्यले यस्तो तालिम चलाइएको हो।राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गत वैशाख १ देखि साउन ३१ गतेसम्ममा देशभर दुई हजार वटा विपदका घटना भए। यी घटनामा १२६ जनाको मृत्यु भयो, ५८५ जना घाइते भए, पाँच हजार ४१ परिवार प्रभावित भए।कतिपय घटनामा अग्रिम सूचना नपाएर जनधनको क्षति भयो। कतिपयमा उद्धार ढिलो भयो। यस्तो स्थिति ध्यानमा राखेर एपिएफले देशभर विपद सूचकहरू तयार गरी सूचना आदानप्रदान गर्न सुरू गरेको छ।यसरी एपिएफले प्राकृतिक विपत्तिका घटनामा आफ्नो काम प्रभावकारी बनाउन थालेको छ।

सीमा सुरक्षा र प्राकृतिक विपत्ति एपिएफका दुई महत्त्वपूर्ण काम देखिएका छन्। एपिएफ नेतृत्वले यी दुवै काम प्रभावकारी बनाउन लय समाएको छ।आन्तरिक सुरक्षामा नेपाल प्रहरीसँग मिलेर एपिएफले भन्सार, राजस्व, औद्योगिक सुरक्षा तथा महत्त्वपूर्ण व्यक्ति र प्रतिष्ठानको सुरक्षामा समेत जिम्मेवारी लिएको छ।

सशस्त्र द्वन्द्वका समयमा शान्ति, सुरक्षा बलियो बनाउने मूल उद्देश्यले अर्धसैनिक बलका रूपमा एपिएफ स्थापना भएको थियो। त्यो परिस्थिति बदलिँदै गएपछि एपिएफले सेवा विशिष्टीकरण गर्नुपर्ने भयो। यसमा एपिएफ नेतृत्व सजग देखिन्छ।एपिएफ दोस्रो नेपाल प्रहरी होइन भन्ने कुरा बुझ्न आवश्यक छ। सरकार यो वस्तुतथ्यमा प्रस्ट हुनुपर्छ र यसै अनुसार ऐन, नियम बनाउनुपर्छ। यी दुई संगठनको प्रयोग फरक हुनुपर्छ। नेपाल सरकारमा केही अस्पष्टता देखिए पनि एपिएफले प्रभावकारी संगठनका रूपमा आफ्नो औचित्य प्रमाणित गरेको छ।**सभार सेतो पाटी**

## खेल समाचार

# भ्याली पब्लिक र आयोजक ग्रिनल्यान्ड विजयी

काठमाडौँ – केभीकेएसएस र भ्याली पब्लिक बुधबार १९ औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्सतर्फ सेमिफाइनल पुगेका छन् ।केभीकेएसएसले तेजस्वीलाई २०-१५ र भ्यालीले बेलमोन्टलाई ३२-२५ स्कोरले पराजित गरे । केभीकेएसएसकी पूजा गुरुङ र भ्यालीकी दृश्य गुरुङले ८-८ स्कोर जोडे । आयोजक ग्रिनल्यान्डले न्युटनलाई ३५-२७ ले हराउँदा आहाना खड्काले १९ स्कोर गरिन् ।सिनियर ब्वाइजमा न्युटनले लालीगुराँस नेसनल एकेडेमीलाई ५५-४५, गण्डकीले पारामाउन्टलाई ४१-३५, जिनियस वर्ल्डले स्वेता सदनलाई ४३-३८, किङडमले सेबलाई ४४-३९ र भ्याली पब्लिकले



बसुन्धरा नेसनल एकेडेमी (बीएनए) लाई ३९-३४ स्कोरले हराए । न्युटनका उज्ज्वल श्रेष्ठले १४, गण्डकीका मनोज गुरुङले १२, जिनियसका मासुम रेजाले १३, किङडमका मिङमार छिरिङले १२ र भ्याली पब्लिकका अशोक विकले १४ स्कोर बटुले ।जुनियर ब्वाइजमा न्युटनले बीएनएलाई ३०-२९ तथा एन्जल्स हार्टले पारामाउन्टलाई २३-१९ ले हराए ।

## अन्तर्राष्ट्रिय समाचार

# जापानमा सामन्ती सरदारको मूर्तिको शिर छेदन

जापानको एक सपिङ आर्केड बाहिर १६औँ शताब्दीका शक्तिशाली सरदार तथा समुराई टोयोटोमी हिदेयोसीको मूर्तिको टाउको काटिएको घटना बुधबार सार्वजनिक भएको छ। यो जानकारी पसलका अधिकारी र मिडिया रिपोर्टमार्फत प्राप्त भएको हो। टोयोटोमी हिदेयोसीले १६औँ शताब्दीमा जापानको एकीकरण गरेका थिए। उनी कोरियाली प्रायद्वीपमा गरेका असफल आक्रमणका कारण



पनि परिचित छन्।
नागोयास्थित एन्डोजी सपिङ आर्केडको सङ्घले उक्त मूर्तिलाई समुदायको प्रतीकात्मक आकृति मान्दै आएको छ। सङ्घका एक सदस्यले भने, 'हामी यसबारेमा क्षतिको रिपोर्ट प्रहरीमा दर्ता गर्ने विचार गरिरहेका छौँ।'

तर कसले र किन यो क्षति पुर्‍यायो भन्ने विषयमा कुनै जानकारी नभएको पनि उनले बताए।
उक्त सपिङ आर्केड बाहिर राखिएका अन्य लडाकु मूर्तिहरू पनि विगतमा तोडफोडको शिकार भएका थिए। यी सबै मूर्ति सन् २०१३ मा एक घरजग्गा कम्पनीले दान गरेको थियो। सन् २०२२ मा टोयोटोमीको प्रतिद्वन्द्वी तथा टोकुगावा शोगुन शासन (इडो युग) का संस्थापक टोकुगावा इयासुको मूर्तिलाई खसालिएको थियो र त्यसमा प्वाल बनाइएको थियो। यसअघि, सन् २०१९ मा अर्का प्रसिद्ध सरदार ओडा नोबुनागाको मूर्ति हातविहीन अवस्थामा फेला परेको थियो।
हिदेयोसी, इयासु र नोबुनागा–यी तिनै जना जापानका सबैभन्दा प्रसिद्ध सामन्ती सरदार हुन्। यिनीहरूले करिब एक सय वर्ष लामो युद्धरत राज्यहरूको कालखण्ड अन्त्य गरी जापानलाई एकताबद्ध गर्न सङ्घर्ष गरेका थिए। हालका वर्षहरूमा अन्य मुलुकहरूमा पनि ऐतिहासिक व्यक्तित्वका मूर्तिहरू विवादको विषय बनेका छन्। विशेष गरी उपनिवेशवाद र दासत्वसँग सम्बन्धित व्यक्तिहरूका मूर्तिहरूलाई लिएर कडा बहस हुने गरेको छ।

# वीरगन्जमा हैजा रोकथाम अभियान पाँचौं दिन पनि जारी, घर-घरमा पुग्दै स्वास्थ्यकर्मी

पर्सा। वीरगन्ज महानगरपालिकाले हैजा, झाडापखाला तथा पानीजन्य रोगको जोखिम कम गर्न घर-घरमा सचेतना अभियान चलाएको छ।

आज पाँचौं दिन पनि स्वास्थ्यकर्मीको टोलीले विभिन्न वडामा पुगेर स्थानीय बासिन्दालाई स्वास्थ्यसम्बन्धी महत्त्वपूर्ण जानकारी दिइरहेको छ।
महानगरको जनस्वास्थ्य प्रवर्द्धन शाखाका प्रमुख राजु प्रसाद साहका अनुसार, खानेपानी, व्यक्तिगत सरसफाइ र खानपिनमा ध्यान दिन सचेतना अभियान सुरु गरिएको हो। स्वास्थ्यकर्मीले हरेक घरमा पुगेर पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिउन, शौचालय र धाराको दूरी कायम गर्न, नियमित हात धुने र




घर वरिपरिको सरसफाइमा ध्यान दिन सुझाव दिइरहेका छन्।पछिल्लो समय अस्पतालहरूमा झाडापखाला र हैजाका बिरामी बढ्न थालेपछि महानगरपालिकाले यो अभियानलाई प्राथमिकता दिएको छ। वडास्तरमा खटाइएका टोलीले बिहान-बेलुका टोलटोलमा पम्प्लेट वितरण गरी प्रत्यक्ष संवाद र सरसफाइको अवस्थाबारे जानकारी लिइरहेका छन्।जनस्वास्थ्य शाखा प्रमुख साहले सुरक्षित पानी र सरसफाइ नै हैजा नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय रहेको बताए। उनले भने, 'हामीले थोरै पनि लापरवाही गर्दा ठूलो सङ्क्रमण फैलिन सक्छ, त्यसैले सबै नगरवासीले सावधानी अपनाउनुपर्छ।'

महानगरपालिकाले भविष्यमा स्वास्थ्य संस्था, विद्यालय र समुदायसँगको सहकार्यमा यस्ता सचेतनामूलक कार्यक्रमलाई अझ विस्तार गर्ने योजना बनाएको छ।

# निर्वाचित वडाध्यक्ष रोजगारीका लागि विदेश उडे

गोरखा । गोरखाको चुमनुब्री गाउँपालिका-६ वडाध्यक्ष सरोज लामा रोजगारीका लागि विदेशिएका छन् । उनले सामाजिक सन्जालमा इमान्दारीपूर्वक काम गरेको तर जस नपाएकाले विदेशिएको लेखेका छन् ।

'सकेसम्म सबैको चित्त बुझाउने गरी इमान्दारिताका साथ मेरो क्षमताले भ्याएसम्मको भूमिका र कार्य सम्पादन गरियो तर जति गर्दा पनि कहिले पनि जस नपाउने कामले आफूले गरेको कामबाट मलाई कहिले पनि आत्मसन्तुष्टि भएन । त्यसैले अबदेखि यो राजनीतिबाट सदाको लागि बिदा भएको निर्णयसहितको घोषणा गर्दै



जिन्दगीलाई पुनस् एकपटक शून्य अर्थात जिरोबाट सुरुवात गर्न यो युवा पनि परदेश लागियो,' उनले लेखेका छन् । लामा २०७९ सालमा भएको स्थानीय तह निर्वाचनमा नेकपा माओवादी केन्द्रबाट निर्वाचित भएका थिए । उनले वडा सदस्य ठिन्ले घ्याम्छो लामालाई कार्यवाहकको जिम्मेवारी दिएर रोजगारीका लागि जर्मनी गएको परिवारिक स्रोतले जनाएको छ ।

प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले पनि वडाध्यक्ष लामा स्वदेश नफर्किने भनेर विदेश गएको जानकारी पाएको बताए । 'उहाँले लिखित रुपमा राजीनामा दिनुभएको छैन । कार्यवाहक तोकेर जानु भएको रहेछ,' लामिछाने भने, 'तर उहाँ नफर्किने रे भन्ने जानकारी आएको छ । यदि त्यसो हो भने, पछि राजीनामा पत्र पनि आउला

# २० लाख बराबरका सामान वीरगञ्जबाट नियन्त्रण

वीरगञ्ज । सशस्त्र प्रहरी बल, नेपाल नं १३ गण हेडक्वाटर पर्सा अन्तर्गत प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्ज र वीरगञ्ज भन्सार कार्यालय पर्साबाट खटिएको संयुक्त टोलीले ठूलो मात्रामा भन्सार छली सामान नियन्त्रणमा लिएको छ। प्रहरीका अनुसार वीरगञ्ज महानगरपालिका-१० अशोक बाटिकास्थित सिता थापाको घरमा अवैध रूपमा भण्डारण गरिएका अफजल डबल एपल फ्लेभर, कपडा र किराना सामान फेला परेका हुन्। बरामद सामानको भन्सार मूल्य रु. १७ लाख ८५ हजार ७३६ बराबर रहेको बताइएको छ।त्यससँगै, उक्त सामानको ढुवानीका लागि प्रयोग गरिएको भारतीय नम्बर प्लेट भएको



मोटरसाइकल समेत नियन्त्रणमा लिइएको छ, जसको मूल्याङ्कन रु। १ लाख ४० हजार गरिएको छ।

यसरी नियन्त्रणमा लिइएको सामान र सवारीसाधनको कुल मूल्य रु। १९ लाख २५ हजार ७३६ पुगेको छ। सशस्त्र प्रहरी पर्साका सूचना अधिकारी, नायव उपरिक्षक सुरज कार्कीका अनुसार बरामद सामान र सवारीसाधनलाई आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय पर्सामा बुझाइएको छ।सीमावर्ती क्षेत्रमा भन्सार छली गरी सामान भित्र्याउने क्रम रोक्न सशस्त्र प्रहरी र भन्सार कार्यालयले पछिल्ला दिनमा निगरानी बढाएका छन्। विशेषगरी भारततर्फबाट सस्तोमा उपलब्ध हुने कपडा, सुर्तीजन्य सामग्री, किराना तथा इलेक्टोनिक्स सामानहरू विभिन्न माध्यम प्रयोग गरी चोरी निकासी हुने गरेको प्रहरीको भनाइ छ। अवैध सामान ल्याउने समूहले प्राय: घरभित्र भण्डारण गर्ने, मोटरसाइकल वा साना गाडी प्रयोग गर्ने र पछि आन्तरिक बजारमा बिक्री गर्ने गरेको देखिएको छ।यसरी ल्याइने सामानले सरकारले पाउने राजस्वमा ठूलो घाटा पुर्‍याउने भन्दै सुरक्षाकर्मीहरूले कडाइका साथ कारबाही थालेका छन्।

सूचना सूचना सूचना

बिन्दबासिनी गाउँपालिकाको अपील

**सार्वजनिक सेवा लिदा ध्यान दिऔं ।**

आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
आवश्यक कागजात / प्रक्रिया
पुरा
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं.
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं. श्र सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं, श्रअनियमितता र भ्रष्ट्राचार बिरुद्ध उजुरी गरौं, सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

- जननी जन्मभूमि स्वाद जरी।

बिन्दबासिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बहुअर्वा भठ्ठा , पर्सा मधेश प्रदेश,

# जगरनाथपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जगरनाथपुर, पर्सा

मधेश प्रदेश, नेपाल

## स्वयम् सेवक शिक्षक तथा कर्मचारी करारमा भर्ना सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/१२ गते)

यस जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत सामुदायिक विद्यालयहरुमा आवश्यक स्वयम् सेवक शिक्षक तथा गाउँपालिकाको कार्यालय अन्तर्गत तपसिल पदम देहायको संख्या र योग्यता भएको करारमा स्वयंसेवक(अनुदान) शिक्षक तथा कर्मचारी राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ ( ) औ दिनको कार्यालय समय भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>स्वयम् सेवक शिक्षक तर्फ</u>:

| विज्ञापन नं. | तह | संख्या | विषय | दरखास्त दस्तुर | न्युनतम शौक्षिक योग्यता |
|---|---|---|---|---|---|
| ०३-०८२।०८३ | मा.वि. | १(एक) | विज्ञान | १०००/- | - सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको उपाधि हासिल गरी स्थायी अध्यापन अनुमतिपत्र लिएको। |
| ०४-०८२।०८३ | नि.मा.वि. | १(एक) | अंग्रेजी | ८००/- | - सम्वन्धित विषयमा प्रविनता प्रमाणपत्र तह वा सो सरहको उपाधि हासिल गरी स्थायी अध्यापन अनुमतिपत्र लिएको। |
| ०५-०८२।०८३ | नि.मा.वि. | १(एक) | नेपाली | ८००/- | - सम्वन्धित विषयमा प्रविनता प्रमाणपत्र तह वा सो सरहको उपाधि हासिल गरी स्थायी अध्यापन अनुमतिपत्र लिएको। |

<u>गाउँपालिका कर्मचारी तर्फ</u>:

| विज्ञापन नं. | पद/तह | माग पद संख्या | दरखास्त दस्तुर | न्युनतम शौक्षिक योग्यता |
|---|---|---|---|---|
| ०६/०८२/०८३ | सवारी चालक जे.सि.बी./श्रेणी विहीन | १ (एक) | ५००/- | - कक्षा ८ उत्तीर्ण गरी जे.सि.बी चालक अनुमतिपत्र लिएको। |
| ०७/०८२/०८३ | हलुका सवारी चालक/श्रेणी विहीन | २ (दुई) | ५००/- | - कक्षा ८ उत्तीर्ण गरी हलुका सवारी चालक अनुमतिपत्र लिएको। |

<u>स्वयम् सेवक शिक्षक तर्फ</u>:

तलब स्केल (मासिक): जगरनाथपुर गाउँपालिकाको स्वयम् सेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८० ले तोके बमोजिम।

करार अवधिः २०८३ असाढ मसान्त सम्म।(आवश्यकता अनुसार काम सन्तोपजनक भएमा पुनः म्याद थप गर्न सकिनेछ)

परिक्षाको किसिमः (क) लिखित परीक्षा (ख) अन्तरवार्ता (ग) आवश्यक परेमा अवलोकन।

उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक ।

(ख) मा.वि. तह : मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा स्नातक तह (स्नातकोतरलाई प्राथमिकता) वा सो सरह उतिर्ण गरेको र मा.वि. तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको।

नि.मा.वि. तह : मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र (स्नातकलाई प्राथमिकता) वा सो सरह उतिर्ण गरेको र नि.मा.वि. तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको।

संलग्न गर्नुपर्ने कागजातहरुः शैक्षिक योग्यताको प्रमाण पत्र, व्यक्तिगत विवरण _नेपाली नागरिकताको प्रमाण पत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो । (नोट- विदेशी वोर्डबाट उतिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।)

**निर्धारित प्राथमिकताः** उच्चतम योग्यता, स्थानिय तथा अनुभवी निवेदक।

<u>गाउँपालिका कर्मचारी तर्फ</u>:

तलब स्केल (मासिक): जगरनाथपुर गाउँपालिकाको कार्यपालिकाले तोके बमोजिम।

करार अवधिः २०८३ असाढ मसान्त सम्म।(आवश्यकता अनुसार काम सन्तोपजनक भएमा पुनः म्याद थप गर्न सकिनेछ)

परिक्षाको किसिमः (क) संक्षिप्त सुची प्रकाशन (ख) अन्तरवार्ता

उम्मेदवारको उमेरको हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक ।

(ख) ह.स.चा. - कक्षा ८ उत्तीर्ण गरी हलुका सवारी चालक अनुमतिपत्र लिएको।

जे.सि.बी. चालक - कक्षा ८ उत्तीर्ण गरी जे.सि.बी चालक अनुमतिपत्र लिएको।

संलग्न गर्नुपर्ने कागजातहरुः शैक्षिक योग्यताको प्रमाण पत्र, व्यक्तिगत विवरण _नेपाली नागरिकताको प्रमाण पत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो । (नोट- विदेशी वोर्डबाट उतिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।)

**निर्धारित प्राथमिकताः** उच्चतम योग्यता, स्थानिय तथा अनुभवी निवेदक।

जगरनाथपुर गाउँपालिकाको राजस्व खाता नं. : ग १.१ राजस्व २३१२०५०००४८८०००७

: , जगरनाथपुर,

:मो नं. ९८०६८३५११२/९८४४२५४०७३

नोटः १)

हुनेछ ।

२)